म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक १६० आइतबार, ११ माघ २०८२ ने. सं. ११४६ पोहेलागा 25 January 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**भूकम्पबाट जोगिन सचेत बनौ**

- भूकम्पको समयमा जोगिने उपायको पूर्वाभ्यास गरौं ।
- भूकम्पबाट जोगिन पूर्वतयारी गरौं ।
- आफ्नो घरको संरचना भूकम्प प्रतिरोधि बनाऔं ।
- परिवार र समुदायलाई भूकम्प सुरक्षाबारे जानकारी गराऔं ।
- भूकम्पको समयमा सुरक्षित स्थानमा बसौं ।
- आपतकालीन सामग्री (पिउने पानी, औषधी, बत्ती, खाजा) तयार राखौ ।
- भूकम्पको सम्भावित जोखिमबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीमा रिक्त राष्ट्रियसभा दुईजना सदस्यको लागि आज मतदान हुँदै

## अन्तिम नतिजा पनि आजै सार्वजनिक हुने

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ बागमती प्रदेशमा रिक्त राष्ट्रियसभा दुई सदस्य पदको लागि आज हेटौंडामा निर्वाचन हुँदैछ ।

हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा हुने निर्वाचनको लागि सम्पूर्ण तयारी पुरा भइसकेको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ ।

राष्ट्रियसभा निर्वाचन अन्तर्गत बागमती प्रदेशमा महिला तर्फ १ र अन्यतर्फ १ गरी दुई पदका लागि निर्वाचन हुँदैछ । भुटनदेवी माविमा 'क' केन्द्रमा बागमती प्रदेशसभा सदस्यले र 'ख' केन्द्रमा स्थानीय तहका प्रमुख तथा उपप्रमुखले मतदान गर्ने व्यवस्था मिलाइएको छ । निर्वाचन आयोगले बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म मतदान समय तोकेको छ । दुवै केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत लगायत ८-८ जना गरी १६ जना कर्मचारी खटाइएको सहायक निर्वाचन अधिकृत केशव कौशिकले जानकारी दिए । निर्वाचनमा खटिने कर्मचारीलाई निर्वाचन प्रक्रियासम्बन्धी जानकारी दिन नमूना मतदान गराइएको उनले बताए ।

प्रदेश निर्वाचन कार्यालयका अनुसार राष्ट्रियसभा निर्वाचनको लागि बागमती प्रदेशमा कुल ३ सय ३८ मतदाता रहेका छन् । प्रदेशसभाका १ सय १० सदस्यमध्ये हाल १ सय ४ जना कायम छन् । ६ जनाले प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिन राजीनामा दिएका थिए । यस्तै स्थानीय तहतर्फ ३ जना पालिका प्रमुखले पनि राजीनामा दिएका कारण मतदाता संख्या घटेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख हरि ढकालले बताएका छन् ।




मतदान सकिएसँगै मतगणना पनि आजै गरेर नतिजा सार्वजनिक हुने उनले बताए ।

स्थानीय तहतर्फ काठमाडौं महानगरपालिका प्रमुख बालेन्द्र साह, भरतपुर महानगर पालिका प्रमुख रेणु दाहाल र धुलिखेल नगरपालिका प्रमुख अशोक बेन्जुले राजीनामा दिई प्रतिनिधिसभा निर्वाचनमा प्रतिस्पर्धा गरिरहेका छन् । प्रदेशसभातर्फ नेकपा एमालेका अमन मास्के र प्रकाश श्रेष्ठ, नेपाली कम्युनिष्ट पार्टीका युवराज दुलाल र बसन्तप्रसाद मानन्धर, राष्ट्रिय प्रजातन्त्र पार्टीका सुनिल केसी तथा नेपाली कांग्रेसका कुन्दनराज काफ्लेले राजीनामा दिएको बागमती प्रदेशसभा सचिवालयले जनाएको छ ।

राजीनामा दिएकामध्ये कांग्रेसका काफ्लेले टिकट पाएका छैनन् भने अन्य प्रदेशसभा सदस्यहरु प्रतिनिधिसभा सदस्यका लागि चुनावी प्रतिस्पर्धामा छन् । स्थानीय तहका प्रमुख र उपप्रमुखतर्फ १ सय १९ पालिकाका २ सय ३८ मध्ये नागार्जुन नगरपालिकाका मेयर निलम्बनमा रहेका र ३ जनाले राजीनामा दिएका कारण २ सय ३४ मतदाता कायम रहेका छन् । प्रदेशसभातर्फ ५३ मतभारसहित ५ हजार ५ सय १२ र स्थानीय तहबाट १९ मतभारसहित ४ हजार ४ सय ४६ गरी कुल ९ हजार ९ सय ५८ मत रहेको प्रमुख ढकालले जानकारी दिए ।

निर्वाचनमा महिलातर्फ १ पदका लागि ३ जना र अन्यतर्फ १ पदका लागि ३ जना गरी कुल ६ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । नेपाल मजदुर किसान पार्टीबाट कविता महर्जन र विक्रम ढुकुछु, एमाले-कांग्रेस गठबन्धनबाट एमालेका प्रेमप्रसाद दंगाल र नेपाली कांग्रेसकी गीता देवकोटा उम्मेदवार छन् । यस्तै नेकपाबाट प्रेमप्रसाद सापकोटा र सरोजकुमारी झा उम्मेदवार छन् । हाल बागमती प्रदेशबाट राष्ट्रियसभा सदस्य रहेका तत्कालीन नेकपा (माओवादी केन्द्र) की गंगाकुमारी बेलवासे र तत्कालीन नेकपा (समाजवादी) का बेदुराम भुषालको पदावधि फागुन महिनामा सकिँदैछ । राष्ट्रियसभा चुनावमा नेपाली कांग्रेस र नेकपा एमालेले गठबन्धन गरेको छ भने बाँकी दलहरु एक्लाएक्लै चुनावी प्रतिस्पर्धा छन् ।

५९ सदस्यीय राष्ट्रिय सभामा प्रत्येक २ वर्षमा एकतिहाइ सदस्यको पदावधि सकिने र उनीहरुको ठाउँमा नयाँ चयन हुने व्यवस्था छ । सोही क्रममा अहिले राष्ट्रियसभाका १९ सदस्य पदरिक्त हुन लागेको हो । तीमध्ये १८ जना निर्वाचनका माध्यमबाट राष्ट्रियसभा सदस्य भएका हुन् भने एकजना सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत भएका हुन् । सोही अनुसार रिक्तहुने पदमा पूर्तिका लागि १८ जना निर्वाचनका माध्यमबाट र एकजना राष्ट्रपतिबाट मनोनीत हुनेछन् ।

२०७२ सालमा जारी नेपालको संविधानले प्रतिनिधिसभा र राष्ट्रियसभालाई संघीय व्यवस्थापिकाको व्यवस्था गरी यसलाई संघीय संसद्को रुपमा नामकरण गरेको छ । राष्ट्रियसभाका सदस्यको पदावधि ६ वर्षको हुने संविधानमै उल्लेख गरिएको छ । राष्ट्रियसभाका एकतिहाइ सदस्यको पदावधि प्रत्येक दुईवर्षमा समाप्त हुने संवैधानिक व्यवस्था रहेको छ ।

# राजनीतिक दलको चुनावकेन्द्रित गतिविधि सुरु




साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ नेपाली कम्युनिस्ट पार्टी (नेकपा) थाहा नगरले मकवानपुर क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार लवशेर बिष्टलाई विजयी गराउने उद्देश्यसहित चुनावी अभियानको औपचारिक सुरुवात गरेको छ ।

नेकपा थाहा नगर कमिटीका संयोजक बिनोदकुमार लामाको अध्यक्षतामा जेसीज हलमा सम्पन्न कार्यक्रममा पार्टीका केन्द्रीय, प्रदेश, जिल्ला तथा नगरतहका नेताको उल्लेखनीय उपस्थिति रहेको थियो । कार्यक्रममा नेताहरु प्रल्हाद लामिछाने, माधव तिमिल्सिना, गौतमबुद्ध लामा, रामचन्द्र बल, वीरबहादुर घलान 'ज्वाला', निर्वाचन परिचालन समिति मकवानपुर-२ का उपसंयोजक किशोर बर्तौला, प्रदेश सदस्य, जिल्ला सदस्य, नगरकमिटी तथा वडाकमिटी सदस्यहरू सहभागी थिए ।

कार्यक्रमबाट प्रदेश सदस्य इन्द्र श्रेष्ठको संयोजकत्वमा निर्वाचन परिचालन समिति गठन गरिएको छ । साथै थाहा नगरका १२ वटै वडामा पार्टी संयोजकको नेतृत्वमा वडागत निर्वाचन परिचालन समिति गठन गरिएको संयोजक लामाले जानकारी दिए । उनका अनुसार जनवर्गीय संगठनलाई समेत आआफ्नो जिम्मेवारी तोक्दै परिचालन गरिनेछ । कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधिसभा सदस्यका उम्मेदवार बिष्टले निर्वाचन जिते पनि नजिते पनि मकवानपुर क्षेत्र नं. २ को सर्वाङ्गीण विकासका लागि निरन्तर पहल गरिरहने प्रतिबद्धता व्यक्त गरे ।

बिष्टले जनताको आवश्यकता र समावेशी विकासलाई केन्द्रमा राखेर राजनीति गर्ने धारणा राखे । कार्यक्रमले नेकपाको चुनावी अभियानलाई थप व्यवस्थित र सशक्त बनाउने विश्वास व्यक्त गर्दै उपस्थित नेता तथा कार्यकर्ताले एकताबद्ध भएर चुनावी मैदानमा होमिने प्रतिबद्धता जनाएका छन् ।

### हामी उत्साहित छौं, हामी जित्छौंः रामेश्वर राना

नेकपा एमालेका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा क्षेत्र नं. १ उम्मेद्वार रामेश्वर रानाले पार्टी कार्यकर्ताहरु उत्साहपूर्वक निर्वाचनमा जुटेको बताएका छन् ।

नेकपा एमाले हेटौंडा-४ नं. वडाको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै हेटौंडा ४, ६ ७ र १४ नं. को अगुवा कार्यकर्ता भेलाबाट आफू निकै उत्साहित भएको र एमालेको जीत सुनिश्चित रहेको बताए । उनले राष्ट्रियता, लोकतन्त्र र संविधानको रक्षा र विकास र समृद्धिको नेतृत्व नेकपा एमालेले गरेको र अबका दिनमा पनि गरिरहन नेकपा एमालेले बहुमत ल्याउन मुलुकको आवश्यकता रहेको दावि गरे । उनले हामी सबै प्रतिस्पर्धीसँग स्वस्थ्य प्रतिस्पर्धा गर्छौं, निष्पक्ष जीत निकाल्छौं रानाको भनाई थियो । पार्टीका केन्द्रीले लेखा आयोगका सदस्य नवीन सिग्देलले विकास र समृद्धिको लागि निर्वाह गरेको भूमिकाको कारण नेकपा एमाले मकवानपुरमा नेकपा एमालेले दुवै सिट जित्ने निश्चित रहेको बताए ।

उनले सबै पार्टीपङ्क्ति एकजुट भएर लाग्ने, बलियो संगठनको बल र कार्यकर्ता परिचालनद्वारा पार्टीमाथी देखिएको चौतर्फी आग्रमणको प्रतिरोध गर्ने बताए । कार्यक्रममा जिल्ला सदस्य तथा ४ नं. वडा ईञ्चार्ज शिवहरि दाहालले निर्वाचनको तयारीबारे जानकारी गराए । भेलामा पार्टी वडाअध्यक्ष नानिराम अर्यालको अध्यक्षतामा भएको भेलामा नेता तथा कार्यकर्ताको उल्लेखीय उपस्थिति रहेको वडासचिव गीता त्रिपाठीले जानकारी दिइन् ।

### उज्यालो नेपाल पार्टीको संगठन विस्तार

उज्यालो नेपाल पार्टीले मकवानपुर निर्वाचन क्षेत्र नम्बर १ मा संगठन विस्तारलाई तीव्रता दिएको छ । शनिबार बकैया गाउँपालिका-५ मा वडासमिति गठन गरिएको छ । दुधराज घलानको अध्यक्षतामा वडासमिति गठन गरिएको हो ।

उज्यालो नेपाल पार्टी, मकवानपुरका अध्यक्ष तथा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा मकवानपुर क्षेत्र नं. १ का प्रत्यक्ष उम्मेदवार इन्जिनियर सुरेन्द्र लामा (योञ्जन) को उपस्थितिमा शनिबार बकैया गाउँपालिका-५, बागमती गाउँपालिका वडा नं. १ र २ मा समिति गठन गरिएको हो । यो क्षेत्रका जनताबाट उज्यालो नेपाल पार्टीले विश्वास र साथ पाइरहेको लामाले बताए । उनले आफू निर्वाचित भएपछि यो क्षेत्रमा रहेका सडक, कृषि, शिक्षा तथा स्वास्थ्य लगायत विभिन्न समस्या र मुद्दालाई आफ्नो योग्यता र सक्षमताको आधारमा क्रमशः समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे । आधुनिक समयमा प्रविधिको प्रभावकारी प्रयोगलाई सबै क्षेत्रमा समानान्तर रुपमा लागू गर्दै क्षेत्रगत विकासलाई तीव्रता दिने बताए ।

# सहिद सप्ताह सुरु




साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/सहिद दिवस २०८२ को अवसरमा शनिबारदेखि हेटौंडामा सप्ताहव्यापी कार्यक्रम सुरु भएको छ ।

सहिद स्मारक विकास समिति हेटौंडाले शनिबार सहिद स्मारक परिसरमा पत्रकार भेटघाट एवम् कार्यक्रम सार्वजनिक गरी सप्ताहव्यापी कार्यक्रम सुरु गरेको हो । माघ ११ गते बिहान ७:३० बजे स्मारक परिसर सरसफाई, माघ १२ गते समितिको १६ औं परिषद् बैठक र सोही दिन सहिद स्मारक र विद्यार्थीबीच अर्न्तक्रिया कार्यक्रम हुने समितिका सचिव रघुनाथ खुलालले जानकारी दिए । उनका अनुसार माघ १३ गते रक्तदान कार्यक्रम, १४ गते प्रथम सहिद लखन थापा वाटिकामा श्रद्धाञ्जली कार्यक्रम र १५ गते 'सहिदको सपना र नवयुवाको कर्तव्य' विषयक माध्यमिक तहस्तरीय वक्तृत्वकला प्रतियोगिता हुनेछ ।

मदन भण्डारी फाउण्डेशन मकवानपुर शाखाको समन्वयमा हुने वक्तृत्वकला प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः नगद १० हजार, ७ हजार र ५ हजार प्राप्त गर्ने सचिव खुलालले बताए । त्यसैगरी सप्ताहव्यापी कार्यक्रमको अन्तिम दिन माघ १६ गते बागमती प्रदेश सरकारको समन्वयमा सहिदप्रति सलामी, माल्यार्पण, पुष्पार्पण, श्रद्धाञ्जलीसभाको साथै श्रीचन्द्र शर्मा स्मृति सम्मान पुरस्कार वितरण हुनेछ । पत्रकार सम्मेलनमा समितिका सदस्यहरु गोपाल श्रेष्ठ, प्रताप विष्ट, व्यवस्थापक रामचन्द्र न्यौपाने, पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी लगायतको सहभागिता रहेको थियो । नेपालको सार्वभौमिकता, अखण्डता र स्वतन्त्रताको लागि विभिन्न कालखण्डमा सहादत प्राप्त गर्नुहुने सहिदको स्मृतिमा समितिले हरेक वर्ष सहिद दिवस मनाउँदै आएको छ ।

**काठमाडौं टप टेलर्स**
*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

# सानाकिसानको जीवनस्तर उकास्न पशुउपहार कार्यक्रम ल्याउँछौंः मन्त्री पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसूदन पौडेलले साना किसानको जीवनस्तर उकास्न प्रदेश सरकारले थप पशुउपहार कार्यक्रम ल्याउने घोषणा गरेका छन् ।




राष्ट्रिय कृषक समूह महासंघ नेपाल, बागमती प्रदेश कार्यसमितिद्वारा मकवानपुरको भीमफेदीमा आयोजित किसान चौतारी एवं प्रथम प्रदेश परिषद भेलालाई सम्बोधन गर्दै उनले सानाकिसानलाई व्यावसायिक बनाउन सरकार प्रतिबद्ध रहेको बताए । मन्त्री पौडेलले अबको बजेट तथा कार्यक्रममा सानाकिसानलाई प्रत्यक्ष लाभ हुने गरी योजना समेटिने जानकारी दिए । एउटा गाई पालेका किसानलाई थप दुईवटा गाई किनिदिने र एउटा भैंसी पाल्नेलाई अर्को भैंसी थपिदिने गरी हामीले कार्यक्रम ल्याउन खोजेका छौं, मन्त्री पौडेलले भने, निर्वाहमुखी खेती गरिरहेका सानाकिसानलाई व्यावसायिकता तर्फ डोर्‍याउनु नै हाम्रो मुख्य लक्ष्य हो ।

प्रदेश सरकारले किसानको वर्गीकरण नहुँदा वास्तविक अनुदान वितरणमा समस्या भोगिरहेको स्वीकार गर्दै मन्त्री पौडेलले छिट्टै वर्गीकरण प्रक्रिया टुंग्याउने प्रतिबद्धता जनाए । वैदेशिक रोजगारीमा जाने युवालाई रोक्न बागमती प्रदेश सरकारले विशेष प्रोत्साहन कार्यक्रम ल्याएको उनले बताए । डिप्लोमासम्म अध्ययन गरेका युवा व्यावसायिक कृषिमा लागेमा प्रदेश सरकारले ८ देखि १० लाख रुपैयाँसम्म प्रोत्साहन अनुदान दिइरहेको जानकारी गराउँदै उनले युवालाई स्वदेशमै उद्यमी बन्न आह्वान गरे ।

'नयाँपुस्ताको आकर्षण विदेशमात्र हुनु दुःखद हो । कृषि प्राविधिक शिक्षा पढेर व्यावसायिक कर्ममा लाग्ने युवालाई सरकारले ठूलो राशिको अनुदानमार्फत सहयोग गरिरहेको छ' मन्त्री पौडेलले थपे । महासंघका प्रदेश अध्यक्ष विजय लामाको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशका १३ वटै जिल्लाका प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यक्रममा सानाकिसानका समस्या, कृषिप्रविधिमा पहुँच र आगामी नीति तथा कार्यक्रममा समेट्नुपर्ने विषयमा छलफल भएको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# दलको घोषणपत्रमा मयुरधाप औद्योगिक क्षेत्र

सरकारले एक दसकअघि मयुरधाप औद्योगिक क्षेत्र स्थापनाको निर्णय गरेपछि लगानीकर्तामा थपिएको उत्साह यतिबेला निराशामा परिणत भएको छ । सरकारी संयन्त्रमै समन्वय हुन नसकेपछि अन्तत: मयुरधापमा औद्योगिक क्षेत्र निर्माणको सम्भावना करिवकरिव टरेको छ । मुलुकका ठूला राजनीतिक दलहरुले चुनावी घोषणापत्रमा पालिकास्तरमै औद्योगिक क्षेत्र निर्माण गर्ने भनेर लेखेका हुन्छन् तर, मयुरधापको औद्योगिक क्षेत्र एक दसकदेखि अलपत्र परेको छ । संरचना निर्माणमा तारबार लगाउने भन्दा दोस्रो काम गर्न सकेको छैन । हेटौंडा उपमहानगरपालिका-१४, मयुरधापस्थित सार्वजनिक जग्गामा आद्योगिक क्षेत्र व्यवस्थापन लिमिटिडेले संरक्षणका लागि तारबार लगाएको जग्गा नै ५ वर्षदेखि लिमिटेडको नाममा छैन । ५ वर्षअघि नै जग्गा लिमिटेडको नामबाट बदर गर्ने निर्णय गरी त्यसको एक वर्षपछि वनक्षेत्र कायम गरिएको पाइएको छ । १४ असार २०७३ मै भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त जग्गाधनी प्रमाणपुर्जा र कित्ताकाट श्रेस्ताअनुसार १९९ विगाहा १७ कठ्ठा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा कायम भएको थियो । सोही जग्गा लिमिटेडको नाममा हक हस्तान्तरण भइसकेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले २१ जेठ २०७५ मा जग्गाधनी प्रमाणपुर्जा खारेज गरेर भोगाधिकार मात्र कायम गर्न राय दिएको हो ।

केपी शर्मा ओलीको अध्यक्षतामा रहेको तत्कालीन मन्त्रिपरिषद्ले १ चैत २०७२ मा स्थापना गरेको मयुरधाप औद्योगिक क्षेत्रको फाइल वन तथा वातावरण मन्त्रालयमै अड्किएको छ । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा जग्गा आउँदा पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्र परेपछि मयुरधाप औद्योगिक क्षेत्रको काम अगाडि बढ्न नसकेको हो । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यस क्षेत्रमा औद्योगिक क्षेत्र स्थापना उपयुक्त नरहेको राय पेश गरिसकेको छ । हेटौंडामा 'औद्योगिक क्षेत्र पार्ट टु' भनेर उत्साहित भएका लगानीकर्तालाई 'हात्ति आयो, हात्ति आयो फुस्सा' भने झैं भएको छ । सरकार कै एउटा मन्त्रीले हतारहतार गरेर औद्योगिक क्षेत्र शिलान्यास गर्ने अर्को मन्त्रीले त्यहाँ औद्योगिक प्रतिष्ठान राख्न पाइदैन भनेर खबरदारी गर्ने देश नेपाल मात्र हुनसक्छ । राजनीतिक दलका घोषणापत्रले लगानीकर्तालाई लोप्पा खुवाएको उदाहरण हेर्न टाढा जानु पर्दैन । फेरि पनि निर्वाचनको संघारमा रहेको र राजनीतिक दलले घोषणापत्र तयार गरेर जनतामा भोट माग्न आउँदैछन् । अव ती राजनीतिक दललाई के भनेर सम्झाउने हो ? अनि यस्तो अवस्था रहेको मुलुकमा लगानीकर्ताले किन जोखिम लिन्छन् ? औद्योगिक प्रतिष्ठान स्थापना भएर उत्पादन सुरु गरेपछि सरकारले नै उत्पादन गर्न पाईदैन भन्यो भने अचम्म मान्नु पर्दैन । १२ माघ २०७७ मा वातावरणीय प्रभाव मूल्यांकनका लागि क्षेत्र निर्धारण र कार्यसूचि वन मन्त्रालयले स्वीकृत गरेको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाको अभिलेखमा देखिएको छ ।

कार्यालयले २८ असार २०७८ मा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा ईआईए पेश गरेको थियो । १३ साउन २०७८ मा उद्योग मन्त्रालयले ईआइए स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पठाए पनि हालसम्म फाइल मन्त्रालयमै थन्किएको व्यवस्थापन कार्यालय हेटौंडाले जनाएको छ । वन तथा वातावरण मन्त्रालयले पछिल्लो पटक १३ वैशाख २०७९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको राय, सुझाव अनुसार ईआईए प्रतिवेदन पेश गर्न औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई पत्राचार गरेको थियो । ४ वर्षदेखि ईआईए प्रतिवेदन मन्त्रालय तथा विभागबीच नै घुमिरहेको छ । ईआईए प्रतिवेदनमै वन मन्त्रालयमा अड्किएको छ । त्यही ईआईए प्रतिवेदन यता र उता भइरहेको हो बाँकी काम केही भएको छैन । चुनावी घोषणापत्रले कहाँ र कहिले यो विषयलाई सम्बोधन गर्ला ?

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ १२ गते सोमबार २६ जनवरी २०२६ । अष्टमी, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५५ सूर्यास्त ५:३८ । अन्तर्राष्ट्रिय भन्सार दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक सन्तोष हुनेछ | तुला | : अधुरा काम सम्पन्न हुनेछ |
| वृष | : धन प्राप्ति हुनेछ | वृश्चिक | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| मिथुन | : व्यापारमा नयाँ योजना बन्नेछ | धनु | : रिसाउने बानीले काम बिग्रनेछ |
| कर्कट | : कठिनाई कम हुनेछ | मकर | : नोकरीबाट असन्तोष बढ्नेछ |
| सिंह | : साथीभाइमा मनमुटाव हुनेछ | कुम्भ | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| कन्या | : नयाँ काम समय देखिन्छ | मीन | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# सामाजिक सञ्जाल नियमनमा नेपालको अलमल: आशय नियन्त्रण कि प्रवर्धन ?



✍आनन्द गौतम



मानिसको सभ्यता २१औं शताब्दीमा पुगिरहँदा विभिन्न औद्योगिक क्रान्ति पार गरेर अहिलेको डिजिटल युगमा प्रवेश गरेको छ । अहिलेको परिवेशमा हाम्रा हरेक क्रियाकलाप सूचनाप्रविधिको प्रयोग विना अपुरो महसुस हुने अवस्था छ- चाहे त्यो दैनिक रूपमा गरिने संवाद होस् वा अत्यावश्यक सेवाहरूको प्रयोग । हरेक विषयमा डिजिटल उपस्थिति अनिवार्य सरह भइसकेको छ । हालै विश्व दूरसञ्चार संगठनले सार्वजनिक गरेको तथ्याङ्क अनुसार, विश्वको कुल जनसंख्याको ७४ प्रतिशत मानिस इन्टरनेटको पहुँचमा पुगिसकेका छन् । सन् २००५ मा विश्वका जम्मा १६ प्रतिशत जनसंख्या मात्रै इन्टरनेटको पहुँचमा थिए । तर, २० वर्षको अवधिमा आएको परिवर्तनलाई आफैंमा एक उल्लेखनीय उपलब्धि मान्न सकिन्छ ।

नेपालको सन्दर्भमा समेत सन् २०२५ को अन्त्यसम्ममा कुल जनसंख्याको ५६ प्रतिशत मानिस इन्टरनेटको पहुँचमा पुगिसकेको तथ्याङ्क छ । अझै मोबाइल इन्टरनेट (डेटा) को समेत आँकडा हेर्ने हो भने इन्टरनेटको पहुँच झण्डै ९० प्रतिशतमा पुगेको नेपाल दूरसञ्चार प्राधिकरणको तथ्याङ्कले देखाउँछ । यस अनुसार २ करोड ६६ लाखभन्दा बढी मानिस मोबाइल इन्टरनेटको पहुँचमा छन् । जसले इन्टरनेटको पहुँच मात्र नभएर हाम्रो समाज प्रविधिमैत्री भइरहेको इङ्गित गर्छ ।

इन्टरनेटको पहुँच विश्वव्यापी रूपमा नै तीव्र गतिमा बढिरहेका बेला अधिकांश प्रयोगकर्ता सामाजिक सञ्जालमा सक्रिय रहेको तथ्याङ्कले देखाउँछ । विश्वभरि ५ अर्ब ६६ करोड र नेपालमा १ करोड ४८ लाख मानिस आजको दिनमा सामाजिक सञ्जालमा सक्रिय रहेको देखिन्छ । यसरी हेर्दा विश्व जनसंख्याको झण्डै ६९ प्रतिशत व्यक्तिहरूको उपस्थिति सामाजिक सञ्जालमा छ । जसले यो माध्यमलाई सामाजिक एवम् आर्थिक दुवै विधामा अर्थपूर्ण प्रभाव पार्ने विविध घटनाक्रमले चित्रण गरि सकेको छ ।

### नेपालमा सामाजिक सञ्जाल नियमनको प्रयास

इन्टरनेट प्रयोगकर्ताको सबैभन्दा ठूलो हिस्सा सामाजिक सञ्जालमा रमाइरहँदा यसको नियमनको विषय भने कुनै एक राष्ट्रको सीमाभित्र मात्रै सीमित भने छैन । नेपालको सन्दर्भमा सामाजिक सञ्जालको नियमन नयाँ विषय पक्कै होइन । २०७५ सालमा तत्कालीन सञ्चार तथा सूचनाप्रविधि मन्त्री गोकुल बास्कोटाले आफ्नो कार्यकालमा सूचनाप्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संसद्मा दर्ता गराएका थिए । उक्त विधेयक नेपालको साइबर स्पेस नियमन गर्न अघि सारिएको एक नवीनतम अभ्यास थियो । जसमा सूचनाप्रविधि क्षेत्रको नियमनसँगै सामाजिक सञ्जाल नियमन गर्ने प्रावधान थिए । तर, कतिपय प्रावधानका कारण उक्त विधेयक विवादास्पद बन्न पुग्यो ।

त्यो विधेयकमा उल्लेख गरिएका सामाजिक सञ्जाल सम्बन्धी व्यवस्था खण्डमा सामाजिक सञ्जाल दर्ता, दर्ता नहुने सामाजिक सञ्जाललाई रोक लगाउने, सूचनाप्रविधि विभागलाई सामाजिक सञ्जालमा सम्प्रेषण भएका विषयवस्तु हटाउन निर्देशन दिन सक्ने गरी अधिकारसम्पन्न बनाउने जस्ता प्रावधानहरूलाई लिएर नागरिकस्तरबाटै विरोध भयो । जसका कारण विधेयक तुहिन पुग्यो ।

त्यसपछि २०८० मा रेखा शर्मा सञ्चार तथा सूचनाप्रविधि मन्त्री बनेर आइन् । उनले २०८० मंसिर ११ गते सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका पारित गराउँदै राजपत्रमा प्रकाशित गराइन् । तर, यो निर्देशिकालाई लिएर पनि टीकाटिप्पणी भए । संसदीय प्रक्रियालाई मिचेर सामाजिक सञ्जाल नियमन जस्तो संवेदनशील विषय प्रशासनिक कानूनको रूपमा सरकारले ल्याएको भन्दै त्यसको वैधतामाथि प्रश्न उठ्यो । अर्कोतर्फ उक्त निर्देशिकामा सामाजिक सञ्जाल प्लेटफर्मको परिभाषा अस्पष्ट, सूचीकरणको प्रक्रिया तथा सूचीकरण नभएको अवस्थामा सामाजिक सञ्जाललाई रोक लगाउने व्यवस्थाको व्यापक विरोध भयो । यसका साथै सरकारले चाहेमा सामाजिक सञ्जालमा प्रकाशन गरिएका सामग्री निर्देशन दिएको २४ घण्टाभित्र हटाउनुपर्ने जस्ता व्यवस्थाको चौतर्फी आलोचना भयो ।

सोही निर्देशिकालाई टेकेर तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारले २०८० कात्तिक २७ गते सामाजिक सद्भावमा खलल पुऱ्याएको भन्दै चिनियाँ एप टिकटकमाथि प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । प्रतिबन्धको निर्णयलाई वैधानिकता दिन टेकिएको निर्देशिका भने राजपत्रमा २०८० मंसिर ११ मा मात्रै प्रकाशित भएको थियो । सरकारी निर्णयका कारण टिकटक नेपालमा लगभग १ वर्ष प्रतिबन्धमा पऱ्यो ।

२०८२ भदौ ९ मा आएर तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८०' लाई नै आधार मानेर सामाजिक सञ्जालहरूलाई सात दिनभित्र सूचीकरणमा आउन सार्वजनिक आह्वान गरेको थियो । तर, सूचीकरणमा नआएको भन्दै २०८२ भदौ १९ गते २६ वटा सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने अलोकप्रिय निर्णय गऱ्यो । प्रतिबन्धले राजनीतिक दलप्रति चुलिएको आक्रोशलाई थप बढाउने काम गर्दा २३ र २४ भदौको जेनजी आन्दोलनले देशको समग्र राजनीतिक अवस्था नै फेरिदियो । ओली सरकारले सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध फुकुवा गर्न बाध्य भयो । तर, आन्दोलन नथामिएपछि सरकार नै ढल्यो ।

त्यो निर्देशिकालाई संसदीय वैधानिकता नभएर कार्यान्वयनमा प्रश्न उठेको भन्दै तत्कालीन सञ्चारमन्त्री गुरुङले २०८१ माघ १५ गतेको राष्ट्रिय सभामा सामाजिक सञ्जाल विधेयक दर्ता गराएका थिए । निर्देशिकाका केही प्रावधान फेरबदल गरेर राखिए पनि विधेयकमा धेरै हदसम्म निर्देशिकाकै व्यवस्था राखिएको थियो । उक्त विधेयक अझै पनि राष्ट्रिय सभामा विचाराधीन छ ।

### अन्तर्राष्ट्रिय अभ्यास

सामाजिक सञ्जाल नियमनको विषय नेपालमा मात्र नभएर विभिन्न देश तथा क्षेत्रहरूमा केही नजिर स्थापित भएको देखिन्छ । विश्वव्यापी रूपमा नै पेचिलो बनिरहेको सामाजिक सञ्जाल नियमनको बहस आफैंमा बहुआयामिक छ । एकातर्फ नागरिकको हकअधिकार सुनिश्चित गर्नुपर्ने दायित्व राज्यसँग छ भने अर्कोतर्फ सामाजिक सञ्जाललाई नै आधार बनाएर फैलिने गरेका भ्रामक सूचना, डिप फेक, दुर्व्यवहार, गैर कानूनी क्रियाकलापको नियन्त्रण आफैंमा चुनौतीपूर्ण बनेको छ ।

### युरोपियन युनियनको अभ्यास

यस विषयमा युरोपको अभ्यास हेर्ने हो भने त्यहाँ अनलाइन सुरक्षा तथा मानव अधिकार संरक्षणलाई जोड दिएको पाइन्छ । नियमनको अभ्यास विभिन्न चरणमा लागू भएका कानूनमा आधारित छ । जसमध्येको एक हो सन् २०१६ मा लागू गरिएको डेटा संरक्षण नीति (जीडीपीआर) । यसले युरोपेली नागरिकको डेटा संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । सोही नीति अनुरूप कुनै पनि सेवा प्रदायकले युरोपेली प्रयोगकर्ताको डेटा प्रशोधन गर्नुपूर्व उनीहरूको अनिवार्य अनुमति लिनुपर्ने बाध्यकारी व्यवस्था लागू गरिएको छ । यही नीतिले अनलाइनमाध्यमबाट आफ्नो डिजिटल फुटप्रिन्ट हटाउने व्यवस्था (राइट टु बी फर गटन) समेत स्थापित गरेको हो । यही नीतिले प्रदान गरेका अधिकार सुनिश्चित गर्नका लागि युरोपका २७ राष्ट्रहरूमा डेटा संरक्षण निकायको स्थापना गरिएको छ । जसलाई स्वतन्त्र नियामकको रूपमा विकास गरिएको छ ।

नियमनको निरन्तरता स्वरूप सन् २०२२ मा सामाजिक सञ्जाल मात्र नभई सम्पूर्ण डिजिटल प्लेटफर्महरूको नियमनका लागि डिजिटल सेवा ऐन (Digital Services Act) लागू गरिएको छ । यस ऐनले युरोपमा सञ्चालनमा रहेका सम्पूर्ण अनलाइनमाध्यमलाई नियमन गर्छ । जसमा अनलाइन सेवाको आधार मा नियमनको वर्गीकरण गरिएको छ । यदि कुनै डिजिटल प्लेटफर्म युरोपको १० प्रतिशतभन्दा धेरै प्रयोगकर्ताले प्रयोग गर्छन् भने त्यसलाई ठूलो सेवा प्रदायकको रूपमा वर्गीकरण गरिएको छ । यसरी हाल वर्गीकरण गरिएका १९ ठूला सेवा प्रदायकलाई यसै कानूनले कडाइका साथ नियमन गर्छ । जुन प्रयोगकर्ताको सुरक्षा र हितमा बढी केन्द्रित छ । विशेषगरी अनलाइनमाध्यम मार्फत हुने गैरकानूनी क्रियाकलापलाई यी ठूला सेवा प्रदायकले अनुगमन गर्नुपर्ने हुन्छ । त्यसैगरी यस्ता प्लेटफर्म मार्फत हुने दुर्व्यवहार, गैरकानूनी व्यापार व्यवसाय तथा विज्ञापन, बालबालिका विरुद्ध हुनसक्ने जोखिम आदिलाई उच्च निगरानी गर्नुपर्ने विषय बनाइएको छ । यो नियम उल्लंघन गर्ने सेवा प्रदायकलाई युरोपस्तरीय प्रतिबन्ध सहित चर्को जरिवानाको सजाय व्यवस्था गरिएको छ ।

### बेलायतको अनलाइन सुरक्षा ऐन

बेलायतले सन् २०२३ अक्टोबरमा अनलाइन सुरक्षा ऐन लागू गरेको छ । जसले डिजिटल सुरक्षालाई नयाँ आयाम प्रदान गरेको छ । यो ऐनले सामाजिक सञ्जाल कम्पनी र सर्च इन्जिन सेवा प्रदायकमाथि कानूनी दायित्व सिर्जना गरेको छ । विशेषगरी अवैधानिक र बालबालिकाका लागि जोखिमपूर्ण सामग्रीबाट जोगाउने उद्देश्यले संरक्षण गर्नुपर्ने कर्तव्य स्थापित गरेको छ ।

ऐन अनुसार, सामाजिक सञ्जाल प्लेटफर्महरूले उमेर प्रमाणीकरण प्रणाली लागू गर्नुपर्छ । बालबालिकाहरूलाई अश्लील सामग्री, आत्महत्या, आत्म-हानि र खाने विकार सम्बन्धी सामग्रीबाट जोगाउनुपर्छ । प्लेटफर्महरूले गैर कानूनी सामग्री द्रुत रूपमा हटाउन सक्षम टोली र प्रणालीहरू राख्नुपर्ने व्यवस्था छ । स्वतन्त्र नियामक निकाय इअफ लाई व्यापक अधिकार प्रत्यायोजन गरिएको छ । जसले नियम उल्लंघन गर्ने प्लेटफर्महरूमाथि उनीहरूले बहन गर्ने राजस्वको १० प्रतिशत वा १.८ करोड पाउन्डसम्म जरिवाना लगाउन सक्ने अधिकार दिइएको छ । गम्भीर अवस्थामा सेवा प्रतिबन्ध गर्न समेत अदालतमा निवेदन दिन सक्ने अधिकार छ । यद्यपि, यस कानूनको आलोचना समेत भइरहेको छ । विशेषगरी End–to–End Encryption को सम्बन्धमा । केही प्राविधिक तथा विशेषज्ञहरूले यो कानूनले इन्क्रिप्सनलाई कमजोर बनाउने सम्भावना रहेको दाबी गर्दै प्रयोगकर्ताको गोपनीयतामा आघात पुग्न सक्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

### अष्ट्रेलियाको अभ्यास

अष्ट्रेलियाले भने बालबालिकाको सुरक्षालाई मुख्य आधार मान्दै उमेर हदका आधारमा सामाजिक सञ्जाल नियमनको फरक अभ्यास सुरुआत गरेको छ । जसको सम्भाव्यता एवम् असर आकलन गर्न केही समय लाग्ने देखिन्छ । उक्त नियम अनुरूप १६ वर्ष मुनिका बालबालिकालाई सामाजिक सञ्जाल प्रयोगमा निषेध लगाइएको छ । यसलाई हाल लागू भएका नियममध्ये सबैभन्दा कठोर रूपमा हेरिएको छ । यो कानून अन्तर्गत, सामाजिक सञ्जाल प्लेटफर्महरूलाई उचित कदम चाल्ने जिम्मेवारी दिइएको छ । जसले गर्दा १६ वर्ष मुनिका बालबालिकाहरूले खाता खोल्न नपाउन् । यो कठोर नियमले बालबालिकाको अनलाइन सुरक्षा र उनीहरूको डिजिटल अधिकार बीचको सन्तुलन कसरी कायम राख्न सक्छ भन्ने विश्वव्यापी बहस समेत शुरु गराएको छ ।

### अन्तर्राष्ट्रिय सिकाइ तथा हाम्रो वर्तमान अवस्था

अन्तर्राष्ट्रिय सिकाइलाई आधार मान्ने हो भने उनीहरूले केही नजिर स्थापित गरेको भेटिन्छ जस्तै कि समयसापेक्ष कानून तथा कानूनमा आधारित नियमन, स्वतन्त्र नियामक निकायको व्यवस्था, नागरिक हकको संरक्षण तथा सुनिश्चितता ।

यी सबै अभ्यासमा समान देखिने विशेषताहरू भनेको नागरिकको अधिकार संरक्षण मुख्य आधार, अनलाइनमाध्यममा हुने गैरकानूनी क्रियाकलापको न्यूनीकरण तथा रोकथाम, बालबालिकाको सुरक्षा रहेको देखिन्छ । विशेषगरी यहाँका नागरिकहरूलाई सरकारको नियतमा कुनै शंका छैन जसले यी नियमनहरूलाई सहज बनाएको छ ।

हाम्रो सन्दर्भमा हेर्ने हो भने हामीसँग मौजुदा कानूनी संयन्त्रको कुरा गर्ने हो भने सूचनाप्रविधि क्षेत्रको विशिष्टीकृत कानून भनेको विद्युतीय कारोबार ऐन, २०६३ मात्र छ । लगभग २० वर्ष पहिला लागू गरिएको यो कानूनले अहिले भइरहेको सूचनाप्रविधिको तीव्र विकासका सन्दर्भमा गर्नुपर्ने नियमनको विषय सम्बोधन गर्न सक्दैन । यस बीचमा उक्त कानून प्रतिस्थापन गर्न गरिएका सबै प्रयास विफल भएका छन् । हालै विघटन भएको प्रतिनिधिसभाले सूचनाप्रविधि र सामाजिक सञ्जाललाई खण्डीकरण गरी फरक-फरक कानून मार्फत नियमन गर्ने प्रयास गरेको थियो । तर, त्यसमा पनि व्यापक आलोचना खेप्नु परेको थियो ।

सबै प्रयत्नहरूमा कठोर नियमनको प्रयास नै आलोचनाको मुख्य कारण रहेको देखिन्छ । भर्खरै बामे सार्दै गरेको सूचनाप्रविधि उद्योगलाई कठोर नियमन भन्दा पनि प्रवर्धनमुखी नीति तथा नियमले डोऱ्याउँदै लैजानु आजको आवश्यकता देखिन्छ । त्यसैगरी सामाजिक सञ्जाल नियमनमा समेत सरकारी तवरबाट गलत र भ्रामक सूचनाको प्रवाह भइरहेको देखिन्छ । यसको एउटा उदाहरण सामाजिक सञ्जाल सेवा प्रदायकलाई करको दायरामा आउनको लागि सूचीकरण गर्नुपर्ने प्रयास हो ।

जबकि विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी कार्यविधि, २०८१ अन्तर्गत गुगल, फेसबुक, माइक्रोसफ्ट लगायत कम्पनीहरू नेपालको कर प्रणालीमा २०८० असारदेखि नै दर्ता भइसकेका छन् । हालसम्म माइक्रोसफ्ट, गुगल, मेटा लगायत १९ सामाजिक सञ्जाल एवं सूचनाप्रविधि कम्पनी आन्तरिक राजस्व विभागमा दर्ता भएर आर्थिक वर्ष २०८०/८१ मा मात्र २ अर्ब ७५ करोड ८० लाख ३२ हजार रुपैयाँको कारोबार बराबरको ४१ करोड कर तिरेको विवरण सार्वजनिक भइसकेको छ । यस्तो गलत प्रचारले सरकारको नियत नियमन हो कि नियन्त्रण भन्ने प्रश्न खडा गरेको छ ।

### अबको बाटो

हामीसँग मैजुदा रहेका कानूनी तथा संस्थागत संरचनाबाट आजको डिजिटल समाज र अर्थतन्त्रको नियमन अनि प्रवर्धन दुवै हुन सक्दैन । अहिले विचाराधीन रहेका विधेयक सोही मनसाय र प्रावधानका साथ संसद्बाट पारित नै भएर कानून बन्दै गर्दा पनि यसको कार्यान्वयन सहज छैन । हाम्रो जस्तो राष्ट्र जहाँ इन्टरनेट प्रयोगकर्ताको ठूलो हिस्सा सामाजिक सञ्जालमा सक्रिय छन्ह यो केवल मनोरञ्जनको स्रोत मात्र हैन, हरेक दिन परिवारजनसँग दैनिक कुराकानीको माध्यम पनि हो, सेवा तथा वस्तुको व्यापार गरिने व्यापारिक थलो पनि हो । अहिलेको अवस्थामा यो माध्यमले हाम्रो समाज र अर्थतन्त्र दुवैलाई जोडेको छ । सामाजिक सञ्जाल सेवा प्रदायकका लागि नेपाल जस्तो सानो अर्थतन्त्रमा व्यापार भन्दा पनि एक लोकतान्त्रिक राष्ट्रमा प्रतिबन्धित हुँदै गर्दा त्यसले दिने सन्देश अर्थपूर्ण छ जस्तो लाग्छ ।

सरकारले अथक् प्रयास गर्दा समेत अधिकांश सामाजिक सञ्जालले प्रतिक्रिया नदिनुका केही निम्न कारण छन्– प्लेटफर्म सूचीकरणलाई सञ्चालन अनुमति (License) जस्तो बनाइनु, सामग्री हटाउने अधिकार सरकारी निकायमा केन्द्रित हुनु, न्यायिक पुनरावलोकन र अपिलको स्पष्ट व्यवस्था नहुनु, प्राविधिक रूपमा कार्यान्वयनमा जटिलता हुनु । यी कम्पनीहरूको तर्क अनुसार उनीहरू नेपालको कानून मान्न तयार छन्, तर त्यो कानून अन्तर्राष्ट्रिय अभ्यास अनुसार प्लेटफर्म-उत्तर दायित्व, पारदर्शिता र प्रयोगकर्ताको अधिकारमा आधारित हुनुपर्छ । अर्को प्राविधिक पक्ष के हो भन्दा संसद्बाट कानून पारित भए पनि सामाजिक सञ्जाल कम्पनीहरू तत्काल नेपालमा भौतिक रूपमा दर्ता वा कार्यालय खोल्न बाध्य हुँदैनन् यदि बाध्य पार्ने नै हो भने अन्तर्राष्ट्रिय कानूनी प्रक्रिया र अदालतको आवश्यकता हुन्छ जुन विषय निकै जटिल छ । नेपालले कानूनी रूपमा गर्न सक्ने मुख्य उपायहरू भनेको नेपालस्थित विज्ञापन तथा व्यावसायिक गतिविधिमा रोक, इन्टरनेट सेवा प्रदायक मार्फत आंशिक अवरोध, अदालत मार्फत अन्तर्राष्ट्रिय कानूनी सहकार्यको प्रयास आदि हुन् । तर पूर्ण प्रतिबन्ध अन्तिम विकल्प (Last Resort) मानिन्छ जुन आफैंमा अलोकतान्त्रिक र अधिनायकवादी अभ्यास हो ।

सरकारले कठोर नियमनको हठबाट माथि उठेर समयसापेक्ष कानून अवलम्बन गर्नुको विकल्प छैन । आजको आवश्यकता भनेको नागरिको डेटा तथा मानवअधिकारको संरक्षणलाई प्राथमिकतामा राखेर सरोकार वालहरूको सहभागितामा नीतिनिर्माणमा जोड दिनु हो । नेपालको सन्दर्भमा सूचनाप्रविधि तथा सामाजिक सञ्जाल नियमन आवश्यक छ भन्ने विषयमा विवाद छैन । तर, कसरी नियमन गर्ने ? भन्ने प्रश्न नै आजको बहसको केन्द्र हो । अन्तर्राष्ट्रिय अभ्यासहरूले स्पष्ट पारेको कुरा के हो भने सूचनाप्रविधि तथा सामाजिक सञ्जाल नियमन सफल हुनका लागि नागरिकले अनलाइनमाध्यममा उपभोग गर्ने अधिकार, अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता र सुरक्षा बीचको सन्तुलन अत्यावश्यक छ । निर्देशिका मार्फत प्लेटफर्म सूचीकरण, प्रतिबन्ध र सामग्री हटाउने अधिकार केन्द्रीकृत गर्नुले अल्पकालीन नियन्त्रण त सम्भव होला, तर दीर्घकालीन रूपमा यसले डिजिटल अर्थतन्त्र, नवप्रवर्तन र नागरिक स्वतन्त्रतामाथि नकारात्मक असर पार्ने जोखिम उच्च रहन्छ ।

नेपालले अब सामाजिक सञ्जाललाई केवल 'नियन्त्रण गर्ने समस्या' होइनह लोकतन्त्र, अर्थतन्त्र र डिजिटल सिटीजनसिपलाई अविभाज्य हिस्साका रूपमा हेर्न जरूरी छ । त्यसका लागि व्यापक परामर्श, सहकार्य, अन्तर्राष्ट्रिय असल अभ्यासको आत्मसात्, स्वतन्त्र नियामक संरचना र संसदीय वैधानिकतामा आधारित कानूनी ढाँचा नै दिगो समाधान हुन सक्छ । डिजिटल युगमा सामाजिक सञ्जाल नियमनको वास्तविक सफलता प्रतिबन्धमा होइन, विश्वास, उत्तरदायित्व र अधिकारको सहअस्तित्वमा निहित छ ।

(साभार: अनलाइनखबर)

# इप्लानेट ब्लास्टर र रोयल्स विजयी

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सको मुख्य प्रायोजनमा हेटौंडा-८ मा चौथो संस्करणको कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिता सुरु भएको छ ।

शनिबार भएको उद्घाटन खेलमा कमाने इप्लानेट ब्लास्टर ६ विकेटले विजयी भएको छ । ब्याटिङ गर्न मैदानमा उत्रेको कमाने एक्सपर्ट भिजन ११ ले १६ दशमलव १ ओभरमा अल आउट हुँदै ९४ रनमा सीमित बन्यो । एक्सपर्टका लागि इरफान अलीले २९ रन, सुजित पटेलले २८ रन र मीराज देवानले १७ रन बनाए । एक्सपर्टलाई सस्तैमा समेट्नको लागि इप्लानेटबाट दिप्सन चौलागाईले ४ विकेट, गौरभ खड्काले २ विकेट र रिसभ चौधरीले १ विकेट हात पार्न सफल भए ।

९५ रनको टार्गेट पाएको इप्लानेटले १५ ओभरमा ४ विकेटको नोक्सानीमा लक्ष्य भेटायो । इप्लानेटका लागि युविन बुढाथोकीले ६६ रन, सुजन चौलागाईले १४ रन र रिसभ चौधरीले ६ रन जोड्न सफल भए । इप्लोनटका दिप्सन चौलागाई खेलको म्यान अफ द म्याच घोषित भए । यसैगरी शनिबार भएको दोस्रो खेलमा कमाने रोयल्स ८ विकेट विजयी भएको छ । कमाने रोयल्सले १७ दशमलव ३ ओभरमा अलआउट हुँदै ९८ रनमा सीमित बन्यो । रोयल्सका बिबेक कार्कीले ३९ रन, निश्चल रोक्का २७ रन र सुरज भट्टराई नटआउट हुँदै १२ रन बाहेक अन्य खेलाडीले खासै रन जोड्न सकेनन् । रोयल्सलाई सस्तैमा समेट्नका लागि कमाने लायन्सका किशोर खत्रीले ३ विकेट, समिर चौलागाई र अरुन दाहालले समान २ विकेट हात पार्न सफल भए ।



९९ रनको लक्ष्य पाएको लायन्सले १० दशमलव ३ ओभरमा २ विकेटको नोक्सानीमा लक्ष्य भेट्टायो । लायन्सका लागि शुभ कंसाकारले नटआउट हुँदै २० बलको सामना गर्दै ४९ रन बनाए । यसैगरी रमेश लुईंटेलले २१ रन र समिर चौलागाईले नटआउट हुँदै १८ रन बनाए । रोयल्सका लागि प्रेम क्षेत्रीले २ विकेट हात पार्न सफल भए । खेलमा रोयल्सका शुभ कंसाकार म्यान अफ द म्याच घोषित भए । कमाने क्रिकेट क्लबका सचिव विष्णु दाहालको सभाअध्यक्षतामा तथा हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रमुख पुरणबहादुर जोशीको प्रमुख आतिथ्यतामा भएको हो ।

कार्यक्रममा प्रमुखअतिथि जोशीले क्रिकेट खेलले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन महत्वपूर्ण भूमिका खेलेको उल्लेख गर्दै युवा खेलाडीलाई धन्यवाद दिए । उनले युवालाई खेलकुदसँग जोड्न सहयोग गरेको भन्दै हेटौंडा-८ का वडाअध्यक्ष राम थापाको पनि प्रशंसा गरे । प्रतियोगिताका उत्कृष्ट खेलाडीलाई प्रोत्साहनस्वरुप ४० हजार रुपैयाँ बराबरको क्रिकेट किट प्रदान गरिने जानकारी दिँदै किट हेटौंडा स्कुल अफ म्यानेजमेन्टले प्रायोजन गर्ने बताए । माघ १७ गतेसम्म सञ्चालन हुने खेलमा ६ वटा टिमको सहभागिता रहेको कमाने क्रिकेट क्लबका अध्यक्ष किशोर खत्रीले जानकारी दिए ।

प्रतियोगिताको उपाधि विजेता टिमले नगद १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । कार्यक्रममा कमाने क्रिकेट क्लबका अध्यक्ष खत्रीले स्वागत मन्तव्य राखेका थिए ।

हेटौंडा उपमहानगरपालिका-८ का वडाअध्यक्ष राम थापा, क्लबका सल्लाहकार यज्ञ राय लगायतको उपस्थिति थियो ।

# शान्तिटोल विकासको अध्यक्षमा पुनः धिताल



साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ हेटौंडा-६ शान्तिटोलमा रहेको शान्तिटोल टोल विकास संस्थाको २६ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।

साधारणसभाको बन्दसत्रले केशव धितालको अध्यक्षतामा ९ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा अप्सरा क्षेत्री, सचिवमा प्रदीप ढुंगाना, सहसचिवमा यसोदा भट्टराई र कोषाध्यक्षमा पूर्णभद्र चौलागाई चयन भएका छन् । सदस्यमा कोपिला ढकाल, यादव सापकोटा, शुभद्रा तिमल्सिना र केशवप्रसाद सापकोटा रहेका छन् । भेलाले तीर्थ खड्का संयोजक र गान्दिप हुमागाई र रीता अधिकारीलाई सदस्यमा चयन गरेको छ । साधारण सभमा संस्थाको अध्यक्ष धितालले संस्थागत प्रतिवेदन र कोषाध्यक्ष चौलागाईले आर्थिक प्रतिवेदन पेश गरेका थिए ।

साधारणसभामा ज्येष्ठसदस्य टंकप्रसाद सापकोटा, रीतादेवी राई, उत्कृष्ट विद्यार्थी अनुष्का हुमागाई, डिजिशा तिमल्सिना, असली बचतकर्ता केशवप्रसाद सापकोटा र असली कारोवारीमा कोपिला गौतमलाई पुरस्कृत गरिएको थियो ।

हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता एवम् संस्थाका अध्यक्ष धितालको सभाध्यक्षतामा साधारण सभा भएको हो ।

साधारसभामा हेटौंडा-६ का वडासदस्य विजय पौडेल, हेटौडा उपमहानगर सामाजिक विकास महाशाखा प्रमुख भीमप्रसाद तिमल्सिना, टोल विकास संस्था नगर समन्वय समिति उपाध्यक्ष विष्णुप्रसाद ढुंगाना, भूगोल ईन्चार्ज गोमा लामिछाने, टोल विकास संस्था वडासमन्वय समिति, हेटौंडा-६ का उपाध्यक्ष रमेशकुमार थापा, रक्षादेवी टोलविकास संस्था अध्यक्ष केशव प्रसाद कोईराला, मुनलाईट ईन्टर नेशनल स्कूलका प्रिन्सिपल मनोज थिङ, सञ्चारकर्मी रुपेश दुलाल, सुनिल शिवाकोटीलगायतको उपस्थिति रहेको थियो । संस्थाले बचत संकलन, ऋणलगानीको साथै सामाजिक काम गर्दै आएको छ । संस्थाको आफ्नै भवन रहेको छ । टोल विकास संस्थामा १ सय ५५ जना सदस्य आवद्ध छन् ।

# यूरोप पठाउने भन्दै ४० जनाबाट करिब ३ करोड ठगी, आरोपित फरार

बुटवल/वैदेशिक रोजगारीका लागि युरोपियन मुलुक पठाइदिने भन्दै रुपन्देहीको मायादेवी गाउँपालिका-२ का पिताम्बर यादवले ठूलो रकम ठगी गरेको पीडितहरूले गुनासो गरेका छन् । पीडितहरूले शनिबार पत्रकार सम्मेलन गरी विभिन्न जिल्लाका करिब ४० जनाबाट झन्डै ३ करोड रुपैयाँ ठगी गरिएको सार्वजनिक गरेका हुन् ।

पीडितहरूका अनुसार यादवले आफू युरोप पठाउने भरपर्दो 'एजेन्ट' भएको दाबी गर्दै आकर्षक तलबको प्रलोभन देखाएर युवाहरूलाई नक्कली भिसा दिएर ठगेका छन् । तीन महिनामा भिसा लाग्ने, राम्रो आम्दानी हुने र कानुनी प्रक्रिया पूरा गरिदिने आश्वासन दिएर यादवले एक व्यक्तिबाट ४० लाख रुपैयाँसम्म रकम उठाएको पीडितमध्येका एक तिलोत्तमा वडा नं. ६ का गोपाल रिजालले बताए ।

रिजालका अनुसार बागलुङका खिम छन्त्यालबाट यादवले ४० लाख लिएपनि यूरोपमा रोजगारीका लागि पठाएनन् । ऋण लिएर यादवलाई लाखौं रकम दिएपनि यूरोप जान नपाएपछि छन्त्याल मानसिकरुपमा विक्षिप्त भएका र सम्पर्कविहीन बनेका रिजालको गुनासो छ ।

'मलाई स्वीटजरल्याण्डसँग जोडिएको लेक्सिटाइन भन्ने देशमा पठाउने भनेर पटक पटक गरी १३ लाख ५० हजार लिए, थाइल्याण्ड गएर भिसा लाग्छ भनेर टुरिस्ट भिसामा थाइल्याण्ड पुऱ्याएर ४० दिन राखेपछि भिसा दिए तर पछि त्यो नक्कली भन्ने पुष्टी भयो,' रिजालले भने, 'ग्रील उद्योग बेचेर, ससुरालीसँग ऋण लिएर र घरजग्गा धितो राखेर झण्डै २० लाख खर्च भयो तर यूरोपमा रोजगारीमा जान पाइएन अहिले घर न घाटको भएको छु दिमागमा ऋण कसरी तिर्ने भन्ने चिन्ता मात्र छ ।'

भिसा पाएपछि काठमाडौं आएर लेक्सिटाइन जाने तयारी गर्दा कसैले उक्त भिसा फेक हो भनेपछि वैदेशिक रोजगार विभाग र सम्बन्धित देशको दुतावासमा गएर बुझ्दा नक्कली भिसा भनेपछि आफू त्यहीं ढलेको रिजालले गुनासो गरे ।

यादवको समूहले थाइल्याण्डमा नक्कली इमिग्रेसन अफिस र नक्कली पोर्टल (वेबसाइट) बनाएर भिसा ट्र्याकिङ गर्दा निश्चित अवधिसम्म सक्कली नै देखाउने गरी संगठित र योजनाबटवद्ध ठगी गरेको दाबी उनले गरे ।



अर्का पीडित रोहिणी गाउँपालिका वडा नं. १ का सन्दिप कुमार यादवले अजरबैजान पठाउने भन्दै यादवले आफ्नो ६ लाख ७० हजार ठगेको बताउँदै आफूलाई पनि नक्कली भिसा दिएर ठगेको आरोप लगाए । अजरबैजान पठाउन नसकेपछि बोस्निया पठाउने भनेर अल्मल्याएको तर बोस्नियाको पनि नक्कली भिसा दिएर ठगेको यादवले गुनासो गरे ।

ठगिएको थाहा पाएर रकम फिर्ता माग्दा नदिएपछि आफूहरू वैदेशिक रोजगार विभाग भएर उजुरी गरेको र पक्राउ पुर्जी जारी भएपनि प्रहरीले चासो नदिँदा यादव र उनकी श्रीमती दुवै विदेश भागेको सन्दिपले गुनासो गरे । 'कात्तिक २४ गते पक्राउ पुर्जी जारी भएको थियो तर प्रहरीले पक्राउ नगर्दा माघ १ गते यादव विदेश गएर सुरक्षित भएको सूचना छ,' सन्दिपले भने, 'प्रहरी प्रशासनको आलटाल र ढिलासुस्तीबारे पनि छानबिन हुनुपर्छ ।'

पीडितहरूले यादवविरुद्ध जिल्ला प्रशासन कार्यालय, प्रहरी तथा वैदेशिक रोजगार विभागमा पटक-पटक उजुरी लिएर जाँदा समेत हालसम्म कुनै ठोस कारबाही अघि नबढेको गुनासो गरेका छन् । तिलात्तमा १४ का अमरजित सेन्चुरी, मुक्ति कालिकोटे र शिव आलेलाई सर्बिया पठाउने भन्दै यादवले तीनजनाबाट १३ लाख रुपैयां लिएर नपठाएको सेन्चुरीले गुनासो गरे ।

'ठगिएपछि हामीले सबै प्रमाणसहित उजुरी दिन गएका थियौं तर प्रहरीले अनेक बहानामा आलटाल गर्दा पीडितहरू थप पीडामा परेका छौं,' सेन्चुरीले भने । गैडहवा गाउँपालिका ६ का भिसन लोधले आफूलाई लेक्सिटाइन पठाउने भनी यादवले ९ लाख रुपैयां लिएर नक्कली भिसा दिएर ठगेको गुनासो गरे ।

भिसनका अनुसार उनका नातेदार सरकारी बैंकका जागिरे युवालाई पनि लेक्सिटाइन पठाउने भनी यादवले ८ लाख रुपैयाँ लिएर नक्कली भिसा दिँदा ती युवा नक्कली भिसा बोकेको अभियोगमा थाइल्याडबाट फर्किंदा मुम्बईमा पक्राउ परी ५२ दिन थुनामा बस्न बाध्य भए । उनको मुद्दा अझै नटुंगिएको र लामो समय सम्पर्कविहीन हुँदा बैंकको जागिर गुमेको भिसनले बताए ।

ठगीको शिकार बनेका युवाहरू रुपन्देहीका मात्र नभई पाल्पा, बाग्लुङ र कास्की जिल्लासम्मका रहेको पीडितहरूले जनाएका छन् । यादवको ठगी विरुद्ध पीडितहरू संगठित भएर कानूनी उपचार खोज्ने भएका छन् ।

पत्रकार सम्मेलनमा पीडितहरूले यादव हाल दुबईमा रहेको जानकारी दिँदै उनलाई तत्काल पक्राउ गरी कानुनी दायरामा ल्याउन माग गरेका छन् । पीडितहरूले वैदेशिक रोजगारीको नाममा हुने ठगी नियन्त्रण गर्न राज्य संयन्त्र कमजोर देखिएको टिप्पणी गर्दै दोषीलाई संरक्षण गर्ने प्रवृत्तिविरुद्ध कडा कदम चाल्न सरकारसँग माग गरेका छन् । समयमै कारबाही नभए चरणबद्ध आन्दोलनमा उत्रिने चेतावनी समेत दिएका छन् । पीडितहरूले रुपन्देहीका ५ वटै क्षेत्रका उम्मेदवारहरूलाई ज्ञापनपत्र बुझाई यादवलाई पक्राउ गरी आफ्नो रकम फिर्ताको माग गर्ने जनाएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# चौघडामा प्रतिफलको सहकारी शिक्षा शिविर



साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ हेटौंडा-२ मा रहेको प्रतिफल बचत तथा ऋण सहकारी संस्थाको सहकारी शिक्षा शिविर तथा सदस्य भेटघाट कार्यक्रम हेटौंडा-६ मा रहेको विपि गणेशमान स्मृति शान्तिपार्कमा सम्पन्न भएको छ ।

शिविरमा संस्थाका ब्यवस्थापक विनोद पौडेलले संस्थाका गतिविधिको बारेमा जानकारी गराएका थिए । ब्यवस्थापक पौडेलले सहकारी संस्थाले बचत संकलन, ऋण लगानीका साथै सदस्यको आयआर्जनमा सहयोग पुग्ने काम गर्दै आएको बताए ।

सहकारीका अध्यक्ष दिलिसगोविन्द जोशीको अध्यक्षतामा भएको कार्यक्रममा सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति, शेयर सदस्य, कर्मचारी लगायतको उपस्थिति रहेको थियो । २ हजार २ सय सदस्य रहेको संस्थाको शेयर पूँजी १ करोड ५० लाख, निक्षेप ७ करोड ३३ लाख, ऋणलगानी ८ करोड ८४ लाख रहेको ऋण उपसमिति संयोजक राजेश्वर दाहालले बताए ।

# मुक्तक संग्रह 'भीरको फूल' माथि विमर्श



साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ मुक्तक मञ्च मकवानपुरको ३० औं नियमित मुक्तकवाचन शृंखला तथा पोखराकी साहित्यकार सरु लामिछानेद्वारा रचित मुक्तक संग्रह 'भरको फूल'को विमर्श भएको छ ।

मुक्तक मञ्च मकवानपुरको आयोजनामा हेटौंडामा सम्पन्न कार्यक्रममा करिब एक दर्जन साहित्यकारले मुक्तकवाचन गरेका थिए । पोखराकी साहित्यकार सरला लामिछाने (सरु) को कृति भीरको फूलबारे डा.विश्वनाथ सञ्जेलले समीक्षा गरेका थिए । कृतिको समीक्षा गर्दै साहित्यकार डा.सञ्जेलले फरक फरक परिस्थितिमा आउने संवेग, आशा, निराशा, प्रेमलगायतका मिश्रित परिवेशका मुक्तक कृतिमा समावेश गरिएको बताए । कृत्रिमा समसामयिक समस्या तथा भावना, महिला मनोविज्ञानका पाटा समेटिएको उनले बताए ।

कृतिमा लैङ्गिक समानता भएको समाज बनाउने कल्पना, कुरीतिको बिरोध, न्यायपूर्ण समाजको सपना, गरिबिका समस्या समावेश भएका सशक्त मुक्तक संग्रह भएको समीक्षक सञ्जेलले टिप्पणी गरे । तनहुँको शुक्लागण्डकी-१२, फिरफिरेमा जन्मिएकी साहित्यकार सरु २०६५ देखि मुक्तक मञ्च पोखरामा आबद्ध भई २०७१ देखि २०७३ सम्म अध्यक्ष रहेकी थिइन् । समाजशास्त्र तथा पत्रकारितामा स्नात्तक र विकास अध्ययनमा स्नातकोत्तर गरेकी लामिछाने विगत १४ वर्षदेखि पोखराको रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्जमा साहित्यिक कार्यक्रम मुक्तकयात्रा सञ्चालन गर्दै आएकी छिन् ।

उनी मुक्तकबाहेक गजल, कविता, गीत तथा लघुकथा लेखनमा समेत सक्रिय छिन् । मुक्तक मञ्च मकवानपुरका अध्यक्ष सागर तिमल्सिनाको सभाध्यक्षतामा भएको कार्यक्रममा साहित्य संगम मक्वानपुरका अध्यक्ष डीबी बर्तौलाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा मकवानपुरका २ दर्जन साहित्यकारको उपस्थिति थियो ।

# स्कुटर र मोटरसाइकल ठोक्किँदा ६ घाइते



साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ हेटौंडा उपमहानगरपालिका-६ गौरीटारस्थित कमाने हटिया भित्री सडकखण्डमा स्कुटर र मोटरसाइकल ठोक्किँदा ६ जना घाइते भएका छन् ।

शनिबार मध्यान्ह १२ बजे हटियाबाट हरियालीतर्फ जाँदै गरेको बा.प्र.०३-००४ प ९९८८ नम्बरको स्कुटर दाहिने मोड्ने क्रममा सोही दिशाबाट पछाडि आइरहेको ना ४५ प ९६१९ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा दुर्घटना भएको हो । दुर्घटनामा स्कुटर चालक हेटौंडा-६ रामनगर निवासी २१ वर्षीय सुदीप गौतमको दाहिने खुट्टामा चोट लागेको छ । स्कुटरमा पछाडि सवार उनका आमा ४४ वर्षीया साबित्रि गौतमको दाहिने खुट्टामा चोट लागेको र दाहिने आँखाको नजिक सुनिएको अवस्था रहेको छ । उनका बुवा ४७ वर्षीय हरि गौतमको दाहिने खुट्टा भाँचिएको तथा दाहिने कुममा चोट लागेको प्रहरीले जनाएको छ ।

उनीहरुको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । यस्तै मोटरसाइकल चालक हेटौंडा-१६ निवासी २० वर्षीय असुन घलानको दुबै हातमा सामान्य चोट लागेको छ । पछाडि सवार १६ वर्षीय आदेश घलान र १७ वर्षीय अनमोल थापाको शरीरका विभिन्न भागमा चोट लागेको छ । उनीहरुको स्थानीय मेडिकलमा उपचार गरिएको थियो । दुवै सवारी साधन इलाका प्रहरी कार्यालय पोष्ट हरियाली मकवानपुरको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

त्यसैगरी काठमाडौंबाट मकवानपुरको चित्लाङ जाँदै गरेको भे ८ प ६४१५ नम्बरको मोटरसाइकल शनिबार दिउँसो थानकोट पानीघाट नजिक दुर्घटना हुँदा दुईजना घाइते भएका छन् । दुर्घटनामा बाजुरा घरभई चन्द्रागिरि-१४ बस्ने १६ वर्षीय दिनेश शाही र निशान आलेमगर घाइते भएका हुन् ।

मोटरसाइकलमा बसेर सेल्फी खिच्ने क्रममा उनीहरु भीरमा खसेका थिए । स्थानीय र प्रहरीले उनीहरुको उद्दार गरेको छ । घाइतेमध्ये निशान आलेमगरको बलम्बुस्थित सशस्त्र प्रहरी अस्पतालमा उपचार भइरहेको छ ।

# कालिवन खानेपानीमा पुनः दिनेश

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ कालिवन खानेपानी संस्था मकवानपुर गढी-५ को ४ औं साधारणसभाले नयाँ कार्यसमिति चयन गरेको छ । सभाले पुनः दिनेश श्रेष्ठको अध्यक्षतामा सात सदस्यीय नयाँ समिति गठन गरेको हो ।

समितिको उपाध्यक्षमा यतीराज आचार्य, सचिवमा पुण्यप्रसाद दाहाल, कोषाध्यक्षमा मीना श्रेष्ठ र सदस्यमा सावित्री घिमिरे, कमला न्यौपाने, चन्द्रकला गोले रहेका छन् । सभाले रामशरण धितालको संयोजकत्वमा भवानी लामिछाने र हरि दाहाल सदस्य रहेको लेखा समिति चयन गरेको छ । एक सय १५ जना उपभोक्ता रहेको संस्थाले करिब तीन लाख २२ हजार रुपैयाँ आम्दानी र दुई लाख ७९ हजार रुपैयाँ खर्च गरेको जनाएको छ ।

कार्यक्रममा अध्यक्ष श्रेष्ठले सम्पन्न गरेका कार्य र आगामी योजनासहितको प्रतिवेदन, कोषाध्यक्ष श्रेष्ठले आर्थिक प्रतिवेदन, सचिव दाहालले प्रगति प्रतिवेदन र लेखा समितिको प्रतिवेदन संयोजक धितालले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा कालिवन टोल विकास संस्थाका अध्यक्ष मनप्रसाद न्यौपाने 'अर्जुन', उज्ज्वल दुग्ध उत्पादक सहकारी संस्थाकी सदस्य कमली खतिवडा, पत्रकार अशोकसुजन श्रेष्ठ, समाजसेवी थलनाथ घिमिरेलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा संस्था, खानेपानी व्यवस्थापन, वितरणमा सहयोगीलाई सम्मान गरिएको थियो ।


**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१


# इटहरीमा ट्रकको ठक्करबाट साइकल यात्रीको मृत्यु, सडकमा उत्रिए आफन्त

काठमाडौं/सुनसरीको इटहरीमा ट्रकले ठक्कर दिँदा एक जना साइकल यात्रीको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका एसपी केशव थेबेका अनुसार, उपचारका क्रममा साइकल यात्रुको मृत्यु भएको हो । मृत्यु हुनेमा धनकुटा घर भएका अन्दाजी ४५/४६ वर्षका पूर्णबहादुर राई रहेका छन् ।

'ट्रकले साइकल यात्रीलाई ठक्कर दिएको थियो । उपचारका लागि धरा लगिएकोमा धरानमा मृत्यु भएको छ,' एसपी थेबेले संचारकर्मीसँग भने, 'त्यही विषयलाई लिएर चोकमा भेला भएका थिए । अहिले प्रहरीले सम्झाइबुझाइ गरिरहेको छ ।'

अहिले इटहरी चोकमा ठूलो संख्यामा मान्छेहरू जम्मा भएका छन् । मृतकका आफन्तहरू ट्रक चालकलाई कारबाही हुनुपर्ने मागसहित आन्दोलनमा उत्रिएका हुन् । प्रहरीले ट्रक भने नियन्त्रणमा लिएको छ ।

# ‘केभी-४०’ प्राविधिकपक्षसँगै संस्थागत सुधारमा मन्त्री डा. देवकोटाको जोड

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले काठमाडौं उपत्यकाको दीर्घकालीन विकासका लागि प्रस्तावित ‘काठमाडौं उपत्यका-२०४०’ (केभी-२०४०) परियोजनामा प्राविधिक पक्षसँगै ‘नीतिगत तथा संस्थागत सुधार’ लाई पनि उच्च प्राथमिकता दिनुपर्ने बताएका छन् ।



अर्थ मन्त्रालयद्वारा ललितपुरको कुपण्डोलस्थित होटल हिमालयमा आयोजित ‘केभी-२०४०’ परामर्श कार्यशालालाई सम्बोधन गर्दै मन्त्री डा. देवकोटाले यस्तो धारणा राखेका हुन् । उनले परियोजनाका लागि प्रस्तावित चारवटा प्राविधिक स्तम्भले मात्र उपत्यकाका विद्यमान समस्या समाधान नहुने औंल्याउँदै पाँचौं स्तम्भकारुपमा ‘नीतिगत तथा संस्थागत सुधार’ लाई समावेश गर्न अपरिहार्य रहेको जिकिर गरे । ‘नेपालमा प्राविधिक ज्ञान र परामर्शदाताको अभाव छैन, यसमा हामी सक्षम छौं,’ मन्त्री डा. देवकोटाले भने ‘तर, कमजोर संस्थागत संरचना र सुशासनको अभाव नै मुलुक विकासमा पछाडि पर्नुको मुख्य कारण हो । तसर्थ, परियोजना सफल बनाउन ‘परिवर्तनको सिद्धान्त’ आत्मसात् गर्दै संघ, प्रदेश र स्थानीय तहको कार्यगत संरचनामै सुधार गर्नुपर्छ ।’

काठमाडौं उपत्यकाका १८ वटा नगरपालिकालाई समेटेर एकीकृत विकास गर्ने लक्ष्य लिएको यस परियोजनामा प्रदेश सरकार स्थानीय तह र संघीय सरकारबीच ‘पुल’को काम गर्न तयार रहेको उनले स्पष्ट पारे । फोहोरमैला व्यवस्थापन, मेट्रो रेल वा रत्नपार्क-थानकोट र बुढानीलकण्ठ-जमलजस्ता ठूला ‘कनेक्टिभिटी’का आयोजनाहरु एउटामात्र नगरपालिकाको प्रयासले सम्भव नहुने उनको भनाइ थियो । उनले भने, ‘पालिकाहरुलाई आपसमा जोड्ने संवैधानिक अधिकार प्रदेश सरकारसँग छ । तसर्थ, ४-५ वटा पालिकालाई समेटेर ‘एकीकृत अवधारणा’ मा ठूला आयोजना अगाडि बढाउनुपर्छ । यसका लागि आवश्यक ऐन र निर्देशिका बनाएर सहजीकरण गर्न प्रदेश सरकार प्रतिबद्ध छ ।’

नयाँ परियोजनाको डिजाइन गर्दा विगतका सफल अभ्यासबाट पाठ सिक्नुपर्नेमा मन्त्री देवकोटाले जोड दिए । उनले उच्चस्तरीय बागमती सुधार आयोजना, विश्व बैंकको सहयोगमा भएको पाटनको संस्कृति संरक्षण र एसियाली विकास बैंक (एडीबी) को सहयोगमा चितवनमा सफल भएको जग्गा एकीकरणको मोडेललाई केभी-२०४० मा समावेश गर्न सुझाव दिए । संघीय सरकारका कार्यालय प्रदेशमा गएर उस्तै संरचना खडा गर्नुभन्दा प्रदेशलाई नै जिम्मेवार बनाउनु उपयुक्त हुने मन्त्री देवकोटाको तर्क थियो ।

‘हामीसँग आफ्नै राजस्व प्रणाली छ, हामी ऋण फिर्ता गर्ने दायित्व लिन र सहलगानी गर्न तयार छौं,’ उनले भने, ‘केभी-२०४० मा प्रदेशको स्पष्ट भूमिका र अपनत्व सुनिश्चित गरिनुपर्छ ।’ प्रदेशमा सहरी विकाससम्बन्धी जनशक्तिको अभाव रहेको स्वीकार गर्दै उनले क्षमता अभिवृद्धिमा सघाउन विकास साझेदारसँग आग्रह गरे । बागमती प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयका सचिव इश्वरचन्द्र मरहठ्ठाले नेपाल सरकारको उच्चस्तरीय समितिले प्रदेश सरकार लाई नचिन्ने अवस्थाको अन्त्य गर्न ऐन कानुनमा सुधार गर्नुपर्ने बताए । उनले नयाँ सोचका साथ अघि बढ्दै प्रदेश सरकार र स्थानीय तहबीच सुदृढ समन्वय स्थापित गर्न, संस्थागत संरचनाको विकासका लागि यस्ता परियोजनामा उल्लेख हुनु पर्नेमा जोड दिए ।

प्रादेशिक सडक गुरुयोजना मार्फत् ग्रामीण र सहरीक्षेत्रलाई सडक सञ्जालले जोड्न बागमती प्रदेशभर ६,४०० किलोमिटर सडक निर्माणकार्य अघि बढाइएको कुरा उनले जानकारी गराए । स्थानीय तह र सरकारसँग मिलेर बस्ती विकास तथा फोहोरमैला व्यवस्थापनका कार्यक्रम अगाडि बढाइएको कुरा उनले प्रस्तुत गरे । नेपाल सरकारले विश्व बैंक र एसियाली विकास बैंकको सहकार्यमा काठमाडौं उपत्यकालाई सन् २०४० सम्म थप बस्नयोग्य, प्रतिस्पर्धी र लचिलो सहरकारुपमा रुपान्तरण गर्ने उद्देश्यले यो गुरुयोजना तयार गर्न लागेको हो । प्रारम्भिक अध्ययनमा हरित सहरीक्षेत्र तथा सम्पदा-आधारित पर्यटन, दिगो सहरी यातायात र कनेक्टिभिटी, ठोस फोहोर व्यवस्थापन तथा सहरी वातावरणीय पुनर्स्थापना र जोखिम न्यूनीकरण गरी चारवटा प्राथमिक क्षेत्र पहिचान गरिएको छ ।

अर्थ सचिव डा. घनश्याम उपाध्यायको अध्यक्षतामा भएको कार्यशालामा अर्थमन्त्री रामेश्वरप्रसाद खनाल, सहरी विकास मन्त्री प्रा.डा. कुमार इङ्नामलगायतले धारणा राखेका थिए । कार्यक्रममा अन्तर ाष्ट्रिय आर्थिक सम्बन्ध महाशाखाका सहसचिव डा. धनिराम शर्माले ‘काठमाडौं उपत्यका-२०४०’ प्लेटफर्मको रणनीतिक औचित्य, यसका चार प्रमुख स्तम्भ र लगानी प्राथमिकतामा नगरपालिकाको भूमिकाबारे विस्तृत प्रस्तुतीकरण दिएका थिए । विश्व बैंक र एसियाली विकास बैंकका विज्ञहरुले अन्तर्राष्ट्रिय अनुभव र परियोजनाको संरचनाबारे प्रकाश पारे ।

# मकवानपुर जिल्ला दुग्ध सहकारी संघको साधारणसभा




साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघको ३१ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

संघद्वारा सञ्चालित दुग्ध परिकार उद्योगस्थल बुड्दलमा भएको साधारणसभाले संघका अध्यक्ष हरि प्रसाद कँडेलले प्रस्तुत गरेको आगामी नीति तथा कार्यक्रम सहितको वार्षिक प्रतिवेदन, लेखा समिति संयोजक बीर बहादुर लामाले प्रस्तुत गरेको लेखा समिति प्रतिवेदन, संघका निमित्त ब्यवस्थापक दामोदर अधिकारीले प्रस्तुत गरेको गत आर्थिक वर्षको यथार्थ आयब्यय विवरणसहितको लेखापरीक्षण प्रतिवेदन, लेखापाल सन्तोष घिमिरेले प्रस्तुत गरेको गत आर्थिक वर्षको यथार्थ र चालु आर्थिक वर्षको अनुमानित आयाब्यय विवरण अनुमोदन गरेको छ ।

संघका अध्यक्ष कँडेलले कृषकले उत्पादन गरेका दुधको भुक्तानीमा नियमितता गराउनको लागि संघ क्रियाशील भएको र भुक्तानीमा आएको समस्या समाधान तर्फ अगाडि बढेको बताए । साधारण सभाकै अवसरमा संघमार्फत सबैभन्दा बढी दुध बिक्री गर्ने चेतनशील दुग्ध उत्पादक सहकारी संस्था लि. हेटौंडा-१७, चिसापानी, मनकामना दुग्ध उत्पादक सहकारी संस्था लि. मकवानपुरगढी-३, मक्रान्चुली, उज्ज्वल दुग्ध उत्पादक सहकारी संस्था लि. मकवानपुरगढी-५ लाई क्रमश: नगद ११ हजार, १० हजार र ९ हजारसहित प्रशंशापत्रद्वारा सम्मान गरिएको थियो ।

यसैगरी गुणस्तरीय दुग्ध बिक्री गर्नेमध्ये उत्कृष्ट भएका अमूल्य कृषि सहकारी संस्था लि. भीमफेदी, कोगटे, बाराही दुग्ध उत्पादक सहकारी संस्था लि. भीमफेदी दमार र पाथीभरा दुग्ध उत्पादक सहकारी संस्था. बागमतीलाई क्रमश: नगद ६ हजार, ५ हजार र ४ हजारसहित प्रशंशापत्रद्वारा सम्मान गरिएको थियो । संघद्वारा सञ्चालित दुग्ध उद्योगबाट उत्पादित दुग्धजन्यपदार्थको बिक्री गर्ने चेतनशील दुग्ध उत्पादक सहकारी संस्था लि, चिसापानी, किसान दुग्ध उत्पादक सहकारी संस्था लि, हटिया, नारायणी दुग्ध उत्पादक सहकारी संस्था लि, हात्तीलेटलाई क्रमश: नगद ६ हजार, ५ हजार र ४ हजारसहित प्रशंशापत्रद्वारा सम्मान गरिएको थियो ।

महाकाली दुग्ध उत्पादक सहकारी संस्था लि. मकवानपुर गढीलाई संघबाट उत्पादित दुग्धजन्य पदार्थको बिक्री र बजारीकरणमा बिशेष योगदान पुऱ्याएबापत नगद ६ हजारसहित प्रशंशापत्रद्वारा सम्मान गरिएको थियो । साधारणसभाकै अवसरमा संघका पूर्वकर्मचारी बिदुर हुमागाई, उमेरहदका कारण निबृत्त भएका ब्यवस्थापक कुमारमणि दाहाल, डेरी ब्वाई तोयानाथ पुडासैनी, सफाई कर्मचारी कान्छीमाया देउलालाई सम्मान गरिएको थियो । साधारण सभामा संघका सल्लाहकार नारायण प्रसाद देवकोटा, बद्रीप्रसाद लम्साल, बिदुर हुमागाई, खिलप्रसाद चौलागाई, निवर्तमान अध्यक्ष बासुदेब अधिकारीले सहकारी संघसस्था सहकारीको बिनियम र सहकारी ऐन नियम अनुसार सञ्चालन हुनुपर्ने र सहकारीको बर्तमान सहकारी ऐन, नियमावलीका बारेमा जानकारी गराएका थिए ।

संघका कर्मचारी गोविन्द प्रसाद तिमल्सिनाले सञ्चालन गरेको कार्यक्रममा संघका उपाध्यक्ष अर्जुनप्रसाद देवकोटाले स्वागत गरेका थिए । साधारणसभामा मकवानपुर जिल्ला सहकारी संघका ब्यवस्थापक गोविन्द दाहाल, संघमा आबद्ध सहकारी संस्थाका प्रतिनिधि र कर्मचारीको सहभागिता रहेको थियो । हाल संघमा ५६ वटा संहकारी संस्था आवद्ध रहेका छन् भने दैनिक करिव ६० हजार लिटर दुध उत्पादन हुने गरेको छ । उत्पादित दुध संघमार्फत् बिभिन्न दुग्ध उद्योगमा बिक्री बितरण भइरहेको छ ।

मकवानपुरगढीमा २६३ औं ऐतिहासिक विजयउत्सव मनाइयो

# संग्रहालय बनाउने बजेट विनियोजन गर्ने मन्त्रीको प्रतिबद्धता



साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ मकवानपुरको मकवानपुरगढी गाउँपालिकास्थित नेपालकै ठुलो गढीमध्येको एक ऐतिहासिक मकवानपुरगढी दरबारमा २६३औं विजयउत्सव मनाइएको छ । वि.सं. १८१९ माघ १० गते गुर्गिन खाँको नेतृत्वमा आएको बंगाली सेनालाई गोर्खाली फौजले पराजित गरेको सम्झनामा हरेक वर्षझैं विजयउत्सव मनाइएको हो ।

मकवानपुर गढी गाउँपालिका-२ को आयोजनामा दरबार परिसरमा विशेष कार्यक्रम गरी उत्सव मनाइएको हो । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारीले दरबार परिसरमा नेपालको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरेका थिए । सुपारेटार ब्यारेकस्थित गोरखबहादुर गणको टोलीले सलामी अर्पण गरेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री अधिकारीले ऐतिहासिक मकवानपुरगढीको संरक्षण र विकासमा २६३ वर्ष बितिसक्दा पनि सोचेजस्तो काम नभएकोमा असन्तुष्टि व्यक्त गरे । ‘म पोहर साल पनि यहाँ आउँदा त्यत्रो ऐतिहासिक गढीको संरक्षण राम्रोसँग भएको देखेको थिइनँ,’ मन्त्री अधिकारीले भने।

उनले गढी परिसरमा ऐतिहासिक सामग्रीको उत्खनन् गरी संग्रहालय स्थापना गर्नुपर्नेमा जोड दिए । यसले पर्यटन विकास र स्थानीय अर्थतन्त्रमा टेवा पुग्ने उनको भनाइ थियो । मन्त्री अधिकारीले भने, ‘तपाईंहरु काम गर्नुहोस्, आगामी बजेटमा मेरो तर्फबाट यसका लागि सम्बोधन गर्नेछु ।’ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ पनि मकवानपुरकै बासिन्दा भएकाले उहाँसँग सल्लाह गरेर गढीको विकासमा सहकार्य गर्ने आश्वासन दिए । मन्त्री अधिकारीले स्थानीय जनप्रतिनिधिको उत्साह र सक्रियताको प्रशंसा गर्दै गढीको विकासमा ‘होस्टेमा हैंसे’ गर्ने वचनबद्धता प्रकट गरे ।

मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले ऐतिहासिक किल्लामा स्थानीय तहको पूर्णअधिकार नभएकाले प्रदेश र संघीय सरकारले आवश्यक गुरुयोजना बनाएर सहयोग गर्न आग्रह गरे । उनले स्थानीय तहबाट मकवानपुरगढी दरबारको संरक्षण र संवर्द्धन गरी यसलाई प्रमुख पर्यटकीय गन्तव्यकारुपमा चिनाउन कुनै कसर बाँकी नराख्ने दाबी गरे । मकवानपुरगढी गाउँपालिका-२ का वडाध्यक्ष बखानसिं पाखिनको अध्यक्षतामा भएको कार्यक्रममा मध्येपृतना हेडक्वार्टरका महासेनानी राजेन्द्र सापकोटा, गोरखबहादुर गण सुपारेटार ब्यारेकका प्रमुखसेनानी निरञ्जन धामी, पालिका प्रमुख प्रशासकीय अधिकृत सुधन लामिछाने लगायतको उपस्थिति थियो ।

गढीका वडाध्यक्ष आइतसिं लो, भागवत घिमिरे, अर्जुन प्रसाद तिमल्सिना, दिपेश दाहाल, कृष्णप्रसाद बजागाई, सूर्यबहादुर रुम्बा र कुमारसिं घिसिङ लगायत कार्यपालिका सदस्य, वडासदस्य, कर्मचारी, टोल विकास संस्थाका प्रतिनिधि, शिक्षक, विद्यार्थी र स्थानीयको बाक्लो उपस्थिति थियो । कार्यक्रममा वडाध्यक्ष पाखिनले मकवानपुरगढीको इतिहासबारे चर्चा गर्नुका साथै गढी विकासका निम्ति स्थानीय, प्रदेश र संघीय सरकारले गरेका प्रयास, हुन बाँकी काम, अवसर तथा चुनौती प्रस्तुत गरेका थिए ।

मकवानपुरगढी गाउँपालिकाको विकासमा योगदान पुऱ्याएका पूर्वजनप्रतिनिधि हर्कमाया रुम्बा, शिवप्रसाद न्यौपाने र रामप्रसाद पुडासैनीलाई प्रशंसापत्र सहित सम्मान गरिएको थियो । वडाका १३ वटा टोल विकास संस्था र मकवानपुरगढी नौमती बाजा टोलीलाई पनि प्रशंसापत्र प्रदान गरिएको थियो । गढी दरबारका तत्कालीन हातहतियार तथा तोपगोला हाल अज्ञात अवस्थामा रहेको र पालिकाले पटक-पटक पहल गर्दा पनि खोजी गरेर यथास्थानमा व्यवस्थापन गर्न नसकिएको बताइएको छ । पुरातात्विक वस्तुहरु फिर्ता ल्याउन नेपाली सेनासँग समन्वय गरेर तत्काल व्यवस्थापन गरिनुपर्ने माग जनप्रतिनिधिले राखेका छन् ।

# लेखपानीको स्कुललाई किवानिजको ३५ बोरा चामल



साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ हेटौंडा-१९ लेखपानीमा रहेको जीवनज्योति आधारभूत विद्यालयका विद्यार्थीका लागि किवानिज क्लव अफ हेटौंडाले खाद्यान्न प्रदान गरेको छ ।

विद्यालय परिसरमा भएको कार्यक्रममा क्लवले ३९ जना विद्यार्थीलाई खाजाका लागि ३५ बोरा चामल हस्तान्तरण गरेको हो । विद्यालयमा धेरै बालबालिका भोकभोकै विद्यालय आउने, घरमा खाना अभावको कारण पढ्न नजाने गरेको अवस्था देखेपछि समाजसेवी कमलचन्द्र सुमन र हिमा बिडारीले क्लवमा सम्पर्क गरेपछि आवश्यकता महसुस गर्दै क्लवले सहयोग गरेको जनाइएको छ । कार्यक्रममा किवानिज क्लव अफ हेटौंडाका अध्यक्ष रत्नदेव बज्राचार्यले हेटौंडा उपमहानगरपालिकाभित्रै यति दयनीय अवस्था रहेको भन्दै दु:ख व्यक्त गरे । मानवीय समवेदनाका कारण आवश्यक परेको खण्डमा क्लवले आगामी दिनमा पनि सहयोग गर्ने बताए ।

किवानिज क्लवका अध्यक्ष बज्राचार्यको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष कालिबहादुर घलान, प्रधानाध्यापक कुमारसिंह गोले, विद्यालय ब्यवस्थापन समितिका सदस्य भीमलाल गोले, किवानिज क्लवका निवर्तमान अध्यक्ष गंगाप्रसाद पौडेल, सचिव श्रृजनराज बज्राचार्य, प्रथम महिला निजिला शाक्य, समाजसेवी कमलचन्द्र सुमन, हिमा बिडारी लगायतको उपस्थिति थियो । विद्यालयका प्रधानाध्यापक गोलेले दाताहरुको सहयोग आउन थालेपछि विद्यालयमा उल्लेख्य सुधार आएको बताए ।

विद्यार्थीको नियमितता बढेको र पढाइप्रतिको आकर्षण बढेको उनले बताए । क्लवका संस्थापक अध्यक्ष ज्योतिरत्न बज्राचार्य र हेटौंडा मोडल अस्पतालका सञ्चालक डा. वसन्तमान श्रेष्ठले खाद्यान्न सौजन्य गरेका थिए । किवानिज क्लव अफ हेटौंडा सन् २०२१ मा स्थापना भएको हो । किवानिज इन्टरनेशनल सन् १९१५ मा अमेरिकामा स्थापना भएको संस्था हो । बालबालिकाको क्षेत्रमा काम गर्ने उद्देश्यले स्थापना भएको यो संस्था हाल नेपालका ६५ भन्दा बढी जिल्लामा विभिन्न क्लवमार्फत बालबालिकाको शिक्षा, स्वास्थ्य, नेतृत्व विकास, खेलकुद र वातावरणको क्षेत्रमा सक्रिय रहेको छ ।

# खेलक्षेत्रमा राज्यले लगानी गरेको छः अध्यक्ष मुक्तान

साझाकुरा संवाददाता

हेटौंडा, १० माघ/ कैलाश गाउँपालिका अध्यक्ष लोक बहादुर मुक्तानले खेलक्षेत्रमा राज्यले लगानी गर्दै आइरहेको बताएका छन् ।



मकवानपुर तेक्वान्दो संघको आयोजनामा भएको ब्ल्याक बेल्ट फस्ट र सेकेण्ड ग्रेडिङ कार्यक्रममा खेलकुदको विभिन्न विधामा अन्तर्राष्ट्रियस्तरमा समेत नाम कमाइरहेको अवस्थामा पछिल्लो समय तीन तहकै सरकारले लगानी गर्दै आइरहेको बताए । आफूले खेलक्षेत्रलाई माया गर्ने, कैलाशमा पनि भलिबल, फुटबललगायत अन्य विभिन्न खेलकुदका कार्यक्रम भइरहन्छन्, यसवर्षदेखि तेक्वान्दो पनि खेलाईने उनले बताए । जिल्लादेखि प्रदेश र राष्ट्रियस्तरमा समेत कैलाशका खेलाडी र प्रशिक्षक रहेकाले अब कैलाशमै जिल्लास्तरीय प्रतियोगिता गरिने अध्यक्ष मुक्तानले बताए ।

युवापिडीँमा खेलप्रतिको चासो र सहभागिताले राष्ट्रलाई चिनाउने थप माध्यम रहेको बताउँदै नेपाललाई खेल क्षेत्रले विश्वसामू चिनाएको बताए । उनले कैलाश गाउँपालिका स्थायी ठेगाना रहेका खेलाडीसँग छलफल गरेका थिए । संघका अध्यक्ष लालकाजीरत्न ब्रजाचार्यको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर-१४ का वडाध्यक्ष दीपक खड्का, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मुक्तान, कार्यालयप्रमुख माधव कोइराला, अर्न्तराष्ट्रिय तेक्वान्दो रेफ्री विमल विकलगायत विभिन्न खेलाडीको आतिथ्यता रहेको थियो ।


## जाडोबाट जेष्ठ नागरिक र बालबालिकाको सुरक्षा

**प्रमुख सावधानीहरू**

- न्यानो कपडा, टोपी, मोजा, पञ्जा अनिवार्य प्रयोग गरौं।
- घाम ताप्ने, हल्का व्यायाम गर्ने बानी बसालौं।
- अत्यधिक चिसोमा बिहान-साँझ बाहिर ननिस्कौं।
- भिजेका कपडा तुरुन्तै फेरेर शरीर सुकाऔं।

**जेष्ठ नागरिकका लागि विशेष ध्यान**

- लामो समय चिसोमा बस्न नदिनुहोस्।
- नियमित औषधि समयमा सेवन भएको सुनिश्चित गर्नुहोस्।
- बढी चिसो वा ज्वरो आए स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोस्।
- तातोपानी, झोलिलो खाना, न्यानो बसोबासको व्यवस्था गर्नुहोस्।

**बालबालिकालाई जोगाउने तरिका**

- न्यानो र सफा कपडा लगाइदिनुहोस्।
- नवजात शिशु विशेष सुरक्षा-चिसो हावा सिधै नलाग्ने व्यवस्था ।
- तातो, पचिलो खाना र पर्याप्त तातोपानी पिउन दिनुहोस्।
- खोकी, ज्वरो वा सास फेर्न गाह्रो भए तुरुन्त स्वास्थ्यकर्मी सम्पर्क गर्नुहोस् ।

**घरभित्र ध्यान दिनु पर्ने कुराहरू**

- न्यानो र हावापास हुने व्यवस्था मिलाओस् ।
- हीटर/अंगिठी सुरक्षित प्रयोग गरौं ।
- धुवाँ-धुलोबाट जोगाउने उपाय अपनाऔं ।

**आपतकालीन अवस्था**

- शरीर अत्यधिक चिसिनु, ज्वरो नझर्नु, सास फेर्न गाह्रो हुनु, बेहोसजस्तो हुनु देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस् ।

**हेटौंडा उपमहानगरपालिका**
**१५ नं. वडा कार्यालय**
चुरियामाई, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना